# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-३ | अंक-३ | २०७५ साउन १६ गते बुधवार | 1 Aug 2018 Wednesday | मूल्य रू. १०/-



विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै

www.missionenews.com

अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।


## तरकारी उत्पादनमा छलाङ हान्दै कृषक

**लिलाराज संज्याल**

**कालिकोट -** जिल्लाको तिलागुफामा कृषकहरु तरकारी व्यावसायतिर सक्रीय बनेका छन् । तरकारी उत्पादनमा राम्रो आम्दानी हुने भएकाले यहाँ अधिकांस कृषक सक्रीय भएका हुन् । रैथाने तरकारी तथा अन्न वाली लोप भैरहेकाले त्यसलाई जोगाउनका लागि स्थानीयले परम्परागत तरकारी उत्पादन गर्ने गरेका छन् । अन्य कमाईबाट एक बर्षसम्म घर खर्च नपुग्ने गरेकोले अहिले तरकारी खेतिले घरखर्च चलेको अगुवा कृषक रिस्मा शाहीले बताइन् ।

आफ्नो घरमा मात्र नभई स्थानीय बजारसम्म तरकारी विक्री गरिरहको कृषक शाहीले बताइन् । तिलागुफा नगरपालिका वडा नमवर ६ निवासी कृषक रिस्मा शाहीले घर नजिकैको गाल्जेमा बजारमा तरकारी विक्री गर्ने गरेकी छन् । रिस्माले तरकारीबाट एक सिजनमा ५० देखि ६० हजार सम्म आम्दानी गर्ने गरेकी छन् । परम्परागत अन्नबाली लगाउदा छाक टार्ने समस्या भएकाले शाहीले विगत तीन बर्ष यता मौषमी तथा बेमौषमी तरकारी खेतीको सुरुवात गरेपछि आम्दानी राम्रो हुने गरेको छ । जिल्ला कृषि विकास कार्यालयको समन्वयमा संचालित विकास परियोजना संचालन भएको छ । विकास परियोजना मार्फत मौषमी तथा बेमौषमी तरकारी उत्पादनका लागि परियोजनाको



तिलागुफाको गाल्जेमा रहेको रिसमा शाहीको तरकारी बारी ।

८० प्रतिसत अनुदान रहेको जिल्ला कृषि विकास कार्यालयका प्रमुख सुनिलकुमार सिँहले बताए । विदेशमा पैसाँ कमाउन गएका केहि युवाहरु पनि घर फर्केर कृषि पेशामा सक्रिय बनेका छन् । तरकारी उत्पादन गर्न युवाले जागर देखाएका छन् । तिन वर्षसम्म रोजगारीका लागि भारत गएर आफ्नो जिविका चलाउदै आएका तिलागुफा नगरपालिका-५ का धर्मराज अधिकारील गाउँ फर्केर तरकारी खेति गरेका छन् । पहिले कृषि मार्फत एक दिने तालिम लिएर आफ्नै बारीमा तरकारी खेति गरेर घरमा आवश्यक घरखर्च चलाउदै आएको थिए । कृषक अधिकारीले परम्परागत अन्नबाली लगाउदा छाक टार्ने समस्या भोगिरहेको बताउदै आधुनिक तरकारी खेतीले सफल बनाएको सुनाए । उनले परिवारको खर्च, छोरा छोरीको पढाई खर्च चलाएर बार्षिक रुपमा करीब २ लाख बराबरको आम्दानी हुने गरेको बताए ।

## सामुहिक विकासमा लगानी गर्दै सामुदायिक वन

**मिसन न्यूज**

**सुर्खेत-**दुई वर्षसम्म रुइनियाडाँडा सामुदायिक वन उपभोक्ता समितिको खातामा रकम नै थिएन । सामुदायिक वनको रेखदेखका लागि राखिएका चौकीदारलाई तलब खुवाउनसमेत हम्मे-हम्मे थियो । वनका उपभोक्ताले नै पाथीमा अन्न भरेर चौकीदारलाई वनको रेखदेखमा खटाएका थिए । तर, दुईवर्ष भयो । सुर्खेतको वराहताल-५ मा रहेको यो सामुदायिक वनले लोभलाग्दो आम्दानी गर्न थालेको छ । वनबाट भएको आम्दानीबाट सामुदायिक वनले गाउँमा सोलार जडान गरेको छ । २३ लाख रकम लगानी गरेर सामुदायिक वनले हालसम्म बिजुली नपुगेको गाउँलाई उज्यालो बनाएको हो । यस्तै, वनकै आम्दानीबाट गाउँमा खानेपानी आयोजना सञ्चालन गरिएको छ । कुनै बेला एक जना चौकीदारलाई तलब खुवाउन नसकेको यही सामुदायिक वनले हिजोआज ७ जनासम्म हेरालाको व्यवस्थापन गरेको छ । सामुदायिक वनको कोषमा अहिले एक करोडभन्दा बढी रकम जम्मा छ । यो वर्ष पनि एक करोड आम्दानी हुने अनुमान उपभोक्ता

बाँकी ८ पृष्ठमा..

## लक्ष्य भन्दा कम राजश्व संकलन

**विश्वनाथ सिम्खाडा**

**कालिकोट-**जिल्लाका ९ वटै स्थानिय तहहरुमा आर्थिक वर्ष २०७४ /०७५ मा आफुले राखेको लक्ष्य भन्दा कम राजश्व संकलन भएको पाईएको छ । जिल्लाका ६ गाँउपालिका र ३ नगरपालिका गरि ९ स्थानिय तहहरुले निधारण गरे अनुसारको राजस्व संकलन गर्न नसकेको पाईएको हो । पहिलो वर्षमा निति निर्माण तथा आर्थिक ऐन लगाएतका ऐनहरु समयमा नवनेका कारणले सोचे जतिको राजश्व उठाउन नसकिएको नगर पालिकाका र गाँउपालिका प्रमुखहरुले वताएका छन । कालिकोटका नौ वटा स्थानिय तहवाट एक वर्षमा जम्मा ५६ लाख राजश्व संकलन हुनुलाई निकै निरासा जनक मानिएको छ । सबै स्थानिय तहले एक वर्षमा ७ देखि १० लाख सम्मको राजस्व संकलन गर्ने लक्ष्य राखेका थिए । आवस्यक कानुन र ऐनको अभावले मालपोत देखि अन्य करमा स्तरबृद्धी गर्न नसकेको शान्तित्रिवेणी गाँउपालिका अध्यक्ष डम्वरवहादुर शाहिले वताए । उनले ,जन्मदर्ता ,मृत्यु दर्ता लगायत अन्य सिफारिसले लक्ष्य अनुसारको राजश्व उठाउन नसकिएको स्वीकार गरे । जिल्लाका नौ वटा स्थानिय तह जस्तै रास्कोट नगरपालिकाले पनि लक्ष्य अनुसारको राजश्व उठाउन सकेन । नगरका ९ वटै वडाहरुमा सडक पुर्‍याउने उदेश्यले नगरले स्काईभेटर खरिद गरि काम गर्‍यो । सडक विस्तार गर्दा डोजर मार्फत काम गराउदा आसा गरे अनुसारको राजश्व संकलन त भयो, तर अन्य ठाउ वाट अपेक्षा अनुसारको राजश्व नउठेका कारणले लक्ष्यमा पुग्न नसकिएको नगर प्रमुख काशिचन्द्र वरालले वताए । प्रमुख वरालले प्रदेशको आर्थिक ऐन नवाभिने तरिकाले हामिले समयमै ऐन वनाएका कारणले राजश्व संकलनमा केही त सहज भएको सुनाए । सामान्य सिफारिस देखि मालपोतमा लाग्ने करमा पनि राजश्व उठाउदा पहिलो वर्षमा समानजनक जस्तै कर उठाउन सकिएको वरालको भनाई छ । रास्कोटले चालु आर्थिक वर्षमा ५० लाख भन्दा वढि राजश्व उठाउने लक्ष्य राखेको छ । अघिल्लो आर्थिक वर्षमा रास्कोटले ३० लाख लक्ष्य राखेपनि २० लाख राजस्व संकलन गरेको थियो । यस्तै जिल्ला सदरमुकाम रहेको खाँडाचक्र नगरपालिकाले पनि सोचे जति राजश्व उठाउन नसकेको नगर प्रमुख जसिप्रसाद पाण्डेले वताए । उन्ले प्रदेश सरकारसंग कानुन वाजिने डरले समयमै आर्थिक ऐन वनाउन नसक्दा आसा अनुसारको राजश्व उठाउन नसकिएको वताए । प्रमुख पाण्डेले पहिलो वर्ष

बाँकी ८ पृष्ठमा..

## सम्पादकीय

### सकभर सहयोगी बन्नु

सरकारले छोटो समयमा धेरै होइन, गुणात्मक काम र त्यसका उपलब्धीहरु सुनिश्चित गर्दै अघि बढ्नुपर्छ । तर, हामीकहाँ कस्तो प्रवृत्तिको विकास भएको छ भने, मंसिरको चुनावमा गरिएको बाचा फागुन, चैतमा गठन भएको सरकारले जेठ, असारभित्रै पूरा गरिसक्नु पर्ने । तर, सबै कुराको कार्यान्वयन भनेजस्तो कहाँ सजिलो छ र । देश नयाँ संविधानमा छ, त्यसको जगमा बन्ने कानुनहरु अझै बनिसकेका छैनन् । कानुन बनेरमात्र हुँदैन, तिनलाई कार्यान्वयन गर्ने अंगहरु पनि तयार हुनुपर्छ । सरकारले लिखतमा गरेको प्रण पक्कै नबिर्सिएला । तर, यही तीन-चार महिनामै 'केपी ओलीको सरकार खत्तम' भन्ने विश्लेषण हुन थालेको छ । संघीय सरकारले नीति तथा कार्यक्रममा व्यक्त गरेका प्रतिबद्धता पनि हिजोको आजै कार्यान्वयन हुँदैनन् । कार्यान्वयन गर्ने अंगहरु कोही प्रदेशमा त कोही स्थानीय तहमा छन् । थुप्रै कार्यालयहरु हिजो साउन १ गतेबाट स्थानीय तहमा गाभिएका छन् । नयाँ काम, नयाँ व्यवस्थामा गतिका साथ अगाडि बढ्न समय लाग्छ । म्याराथन धावकले पनि एक, दुई, तीन भनिसक्दै आफ्नो पूरा गति लिन सक्दैन । गाडी चलाउँदा पहिला एक नम्बर गियरबाट गति शुरु गर्नुपर्नाले ढिलै हुन्छ । खास गति त इञ्जिनको लय र ताल मिलेपछि मात्र पक्डिने हो । मदन भण्डारी राजमार्गको नीतिगत काम शुरु भइसकेको छ ।

# सरकारले उठाउनुपर्ने मार्क्सवादी कदम



**ललिजन बम**

वर्तमान नेपाली राजनीतीक परीवेशमा मुलत नेपाल कमयुनिष्ट पार्टी नेकपाको सरकार र समविधान कार्यनयनको ऐतीहासीक उपलबधीको रक्षा र संमृद्र नेपाल सुखि नेपालीको परीकल्पना राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्वन्धमा सुद्रीकरण संसदीय मार्क्सवादको प्रयोग सम्वनधमा देश विदेशमा चचा र परीचचा भईरहेकै सर्न्दभमा वतर्एमान सरकारले देखाउनु पर्ने माकर्सवाद विचारका आधारमा केही सैद्धान्तीक सत्ता परीचालनका सवाल हरुवारे प्रस्तुत गर्न चाहान्छु ।

मुलुक यतीवेला गणर्तन्त्रमा प्रवेश गरीसकेको छ । अझै भन्नुपर्दा यो मुलुकको नेतृत्व कम्युनिष्ट पार्टीको सरकारले गरीरहेको छ । यो सरकारले आफ्नो कार्यकालमा नेपाल राष्ट्र र नेपाली जनताका महत्वपुर्ण कार्यभार हरु पुरा गर्न पर्ने ऐतिहासिक जिम्मेवारी आएको छ । एसिया मुलुकै नेतृत्व गरिरहेको कम्युनिष्ट पार्टि (नेकपा) र वर्तमान सरकार नेपाली जनता र विश्व समुदायको अगाडी लोकतान्त्रीक विधिबाट संसदीय मार्क्सवादको उदय र नयाँ विचारको प्रतिभिम्म यस्को प्रमुख दायित्व रहेको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय राजनीतीक परिस्थिती लाई निहाल्ने हो भने साम्राज्य पुजीबादी र क्षेत्रीय विस्तारवादी भु-राजनितिक पभुर्त्व कायमै छ । विश्व साम्राज्यवाद र क्षेत्रीय विस्तारवादी अर्थ -राजनीतिकले सानातीना र कमजोर राज्यमाथी पुजिपति वर्ग वा घरेलु प्रतिक्रियावादी शक्तिहरु वलिया देखीन्छन । वर्तमान नेपाली समाजको प्रधान अन्तरविरोध को पहीचान गरी राज्यसत्तामा द्रन्द्रवादका नियमहरुको प्रतिष्ठापन गर्न जरुरी छ । नेपाली जनताले गरेका राजनीतीक क्रान्तिहरुको उपलब्धी भनेको वर्तमान सरकारलाई मानीएको छ । सामान्य अर्थमा क्रान्ति भनेको परिवर्तन हो । राजनीतिक भाषामा एउटा वर्गको हातमा रहेको राज्यसत्ता अर्को वर्गको हातमा जानु हो । नेपाली जगमा उभियको सामर्न्तवाद , र दलाल पुजिपार्टी वर्गको हातमा रहेको राज्यसत्ता नेपाली जनताको बलीदानी र विवेगवाट नयाँ वर्ग र नयाँ पार्टी को नेतत्वमा सरकार निमार्ण भयको छ ।

त्यसकारण वर्तमान सरकार सामान्तवाद र दलाल पुजीवाद लाई उल्मुलन गर्ने र जनताको जनवादी क्रान्तिको नेतृत्व गर्ने वगिर्य रुपमा सर्वहारा श्रमजीवि र राजनितिक रुपमा मार्क्सवाद ( लेलिनवादको मार्गदशनमा चल्ने राजनीतिक पार्टी हो । बर्तमान सरकार भनेको कम्युनिष्ट सरकार हो । अहीलेको सरकार नयाँ वर्गको राजनीतिक प्रतिनिधित्व गर्ने र जनवादी क्रान्ति लाई सम्पन्न गर्नका लागि समाजवाद उन्मुख अर्थतन्त्रको वितरण र सर्वहारा श्रमजिवी वर्गको मुक्ति गर्नु यसको प्रमुख दायित्व हो । नेपालमा नेपालि जनताले लोक तान्त्रिक आन्दोलन र सर्वहारा मुक्तिका लागि गरिएका क्रान्तिवाट आज देश गणतन्त्रमय वनेको छ । सामन्तवाद तथा दलाल पुजिवादी को विरुद्ध नेपालि सर्वाहारा श्रमजिवी जनताको पक्षधर माक्सवादी विचारका आधारमा क्रान्ती सम्पन्न भएको छ आज यिनै मार्क्सवादी विचारका आधारवाट सरकारको नेतृत्व गरिरहेकाले विशुद्ध घरेलु प्रतिक्रिया वादी दलाल पुजिपति हरु वर्तमान सरकारलाई असफल बनाउन दाउपेशमा लागि रहेका छन । राष्ट्रिय तथा अन्तराष्ट्रिय पुजिवादी शक्ति नेपालको कम्युनिष्ट सरकारलाई असफल वनाउने प्रमुख रणनितिमा जुटिरहेका छन । कम्युनिष्ट को सरकारलाई असफल वनाउन र जनताका काम कारवाहीलाई अवरुद्ध पार्न हरेक किसिमका राजनितिक षडेन्त्रहरु बनिरहेका छन जनताले चुनेका जनप्रतिनिधिको अधिकारलाई हनन गरिरहेका छन । उल्टै लोकतन्त्रवादी कहलाउदा नेपाली जनतावाट चुनिएका संघिय संसदको वहुमतलाई दम्मको सरकार भनेर अधिनायकवाद भयो भनेर कराउन थालेका छन । लोकतन्त्रमा एउटा सत्ता पक्ष र अर्को प्रतिपक्ष हुनु सोभाविक हो तर प्रतिपक्षले पनि जनताको म्यान्नेटको कदर गरिनु पर्छ ।

वर्तमान सरकार निर्माण भएको ५ महिना जति भयो तर पुर्वाग्राही ढंगवाट प्रतिपक्ष हारको मनस्थितिवाट जनताको सदन लाई अवरुद्ध पार्ने जस्ता प्रतिक्रिया वादी चरित्र उदाङ्गो पारेको छ । डा. गोविन्द्र के.सी. अन्सन वसेको कुनै नयाँ कुरा होइन १५ पटक सम्म अन्सन भई सक्यो । तर १४ पटक सम्म अन्सन वस्दा कुनै राजनितिक पार्टिले किन आन्दोलन गरेन ? तर आज डा. गोविन्द्र के.सी.को मुद्धालाई प्रमुख वनाएर राष्ट्रिय राजनितिकमा आँच पुर्‍याउने षड्यन्त्र उसको सामान्तवादी तथा दलाल पुजीवादीको चरित्र हो सत्तावाट नेपालि जनताले किनारा लगाएका शक्ति हरु आज रोडमा कराउन थालेका छन । नेपालि जनताले जसलाई तिरस्कार गरिएका छन ।

आज उनै शक्तिहरुको गडजोड वनाएर जनताको सरकारलाई असफल वनाउने सपना देखिरहेका छन । एसिया कै शक्तिशाली कम्युनिष्ट पार्टी र सकारको नेतृत्व गरिरहेको वर्तमान नेतृत्व लाई आक्रर्मक शैलीवाट प्रतिपक्ष उभिएको छ । जनताले दिएको म्यान्नेट अनुसार वर्तमान सरकारको वहुमतलाई दम्म भनेर प्रतिवादी गरिरहेको छ । नतः जनताको म्यान्नेट लाई स्वीकार्ने पक्षमा छ नत लोकतन्त्रको मुल्यमान्यतालाई बुझ्न सक्नेछ । केवल नेपालको कम्युनिष्ट सरकारलाई जनताको म्यान्नेट अनुसार चल्न नदिन घरेलु दलाल पुजिपति वर्ग र प्रतिक्रिया वादि शक्तिहरु पुरै आगो भएर जलि रहेको छ । हजारौ वर्ष देखि बर्मलुट पार्दै आयको सामन्ती वर्ग र दलाल पुजिपाति वर्ग आज सत्ता भन्दा बाहिर रहदा तिलमिलाई रहेका छन । आज नेपाली राजनिति र सत्ताको परिवर्तनले मुलुकमा वर्गिय राजनितिक ध्रुविकरण भयको छ । वर्तमान सरकार र कम्यूनिष्ट पार्टीले मार्क्स वादका निंदृष्ठ सिद्धान्तहरु यसै सत्ता मार्फत, लागु गरिनु पर्छ । दुइ वटा वर्ग विचको संघर्ष निरन्तर समाजबाद सम्म कायमै रहनेछ त्यसकारण वर्तमान सरकारले वर्गिय पक्षधरका आधारमा राजनितिक कदम उठाउनु पर्छ अनि मात्र मार्क्सवादको गन्तव्य स्थानमा पुग्न सक्ने

बाँकी ४ पृष्ठमा.....

## साताको भाग्यफल

- **मेष** : सुरुमा केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने देखिन्छ । तापनि, कामले विभिन्न अवसर दिलाउनेछ । सोमवारदेखि विशेष धन लाभ हुने समय छ ।
- **वृष** : प्रारम्भमा स्वास्थ्य चिन्ताले सताउन सक्छ । जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुर्‍याउँदा केही चुनौती आउन सक्छन् ।
- **मिथुन** : प्रारम्भमा केही चुनौतीसँग संघर्ष गर्नुपर्ने हुन सक्छ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ ।
- **कर्कट** : प्रारम्भमा प्रियजनसँग भेटघाट हुनेछ भने रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ । केही खर्च लागे पनि चिताएको काम बन्नेछ ।
- **सिंह** : प्रारम्भमा प्रतिस्पर्धीहरूले दुख्ख दिए पनि व्यवहारमा राम्रै अवसर हात पार्न सफल भइनेछ । पुरुषार्थी काम बन्नाले जोश-जाँगर बढ्नेछ ।
- **कन्या** : प्रारम्भमा अध्ययन र स्वास्थ्यको चिन्ताले सताउन सक्छ । सुरुमा केही काम रोकिए पनि सोमवारदेखि स्थितिमा सुधार आउनेछ ।
- **तुला** : सुरुमा घरेलु समस्या देखापर्न सक्छन् । अरूको बहकाउमा परिनाले काम रोकिन सक्छ । भौतिक साधनको कमीले पनि केही अप्ठ्यारो पर्ला ।
- **वृश्चिक**: जिम्मेवारी प्राप्त भए पनि आफ्नो श्रमबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन् । उपलब्धिका लागि समय प्रतीक्षा गर्नुहोला ।
- **धनु** : बोलीको प्रभावले विशेष अवसर प्राप्त गर्न सकिनेछ । सम्पादित कामबाट धन लाभ हुनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने मौका छ ।
- **मकर** : प्रारम्भमा इच्छाशक्ति बढ्नाले महत्त्वाकांक्षी काम सुरु हुनेछ । आँटले काम लिँदा लक्ष्य प्राप्त गर्न सकिनेछ ।
- **कुम्भ** :प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। टाढाको यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।
- **मीन** : सुरुमा आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ । व्यापार-व्यवसायमा पनि लाभ हुनेछ ।

# एक सय ८ बस्ती पहिरोको उच्च जोखिममा

**मिसन न्युज**

कालिकोट - कालिकोटका १ सय ८ वटा बस्ती विपद्को उच्च जोखिममा रहेको पाइएको छ । कर्णाली विकास आयोगले निकालेको प्रतिवेदनअनुसार कालिकोटका १ सय ८ वटा बस्ती बाढी-पहिरोको उच्च जोखिममा रहेको पाइएको हो ।

जिल्लाका ३ वटा नगरपालिका र ६ वटा गाउँपालिका रहेको कालिकोटमा १ सय ८ वटा बस्ती पहिरोको उच्च जोखिममा रहेका छन् । कर्णाली विकास आयोगले तयार पारेको प्रतिवेदन अनुसार कालिका गाउँपालिका को तल्लो दलित टोल, छात्ती, साउबाडा, पर्जै, चौलागाईंबाडा, माथिल्लो हाउडी, कालेबाडा, समलागाउँ, पचालझरना गाउँपालिकाको दलित टोल, खार्दु, जारकोट, कुड, तोलीभिर, मय, विषखेत, पातला गाउँपालिकाका राडु, डोरी, तल्लो नेटा, सल्लीकोट, कुम, दुर्सी, बोक्चु, जिन्दर, तिब्गाड, मोहर, लखनबाडा, चुलाकोट, पारीखेत गाउँहरु पहिरोको उच्च जोखिमका रहेको उल्लेख गरिएको छ । त्यस्तै, महावै गाउँपालिकाका कदमपुर, पदमघाट, सिमखेत, नकु, धामीबाडा, औलगेला, सइगेला, गणेशकोट, पान्तडी, कोटबाडा,



पहिरोको उच्च जोखिममा रहेको कालिकोट जिल्लाको लालिघाट बजार ।

सान्नीत्रिवेणी गाउँपालिकाका लुसा, सेरीज्युला, रकु, लुइयाँटा, कयारी, उजेलगाउँ, तिकुवा, बालुपाटा, तिलखुरेनी, पोरीवन, धामीगाउँ र नरहरिनाथ गाउँपालिकाका धारी, बडेमला, चाखुडे, डाँडाखर्क, घट्टेखोला, घोडेसिल्ला, खातीरूपसा, भेडेखोला, खलाबाडा, तामाखोला, मास्कोट, थाइमाडु, खार, उच्छव गैराटोल, दुदुल्ली पाकर टोल, खाडीकोट, बड्डाखला लालु, वसन्तपुर, साँझपानी, सितला, घट्टखोला बाढी र पहिरोको उच्च जोखिममा रहेको जनाएको छ । कालिकोटमा रहेको तीन वटा नगरपालिका मध्ये तिलागुफा गाउँपालिकाका डाँडाभिग्म, नाग्मा, चुलिकोट, फोइमडीपानी, फोइधराली, राँचुली, खल्ला, धनाडा, छाप्रे, ओखरभित्ता, लुब्र, रानावाडा, माजुवाडा, खाँडाचक्र नगरपालिकाका पोरीपाली, सेरीघाट, दोहा, ओखलढुंगा, दाहा, बदालकोट र रास्कोट नगरपालिकाका न्यौपानेवाडा, चुडीमुल, पुछुडेवाडा, बुढीसैन, कुमलवाडा, स्युना, काप्रा, औल, सान्नीघाट, पुच्छेगाउँ, गैरागाउँ, बल्लेकाँध, बाखरकोट, पाटेडिल, बास्तोला, पालाँतीबाडा, बाइतीसिम पनि पहिरोको उच्च जोखिममा रहेको जनाएको छ । कालिकोटका कर्णाली र तिला नदी किनारका बस्ती उच्च जोखिममा रहेका तिनीहरू सुरक्षित वासस्थान र नदीकिनार नबस्न सबैलाई आग्रह गरिएको जिल्ला प्रशानस कार्यालय कालिकोट प्रमुख जिल्ला अधिकारी चन्द्रनाथ गौतमले बताए । ‘बाढी पहिरोको उच्च जोखिममा रहेका बस्ती स्थानस्तरण गर्न पहल थालिएको छ ।’ उनले भने, ‘जोखिमयुक्त ठाउँमा नबस्न आग्रह गरेका छौं ।’ कालिकोट जिल्लामा सन् १९७७ देखि सन् २०१८ सम्म बाढी तथा पहिरोमा परि ६० जनाले ज्यान गुमाएको र ८६ जना घाइते भएका छन् । जिल्ला विपद् व्यवस्थापन समिति कालिकोटका अनुसार जिल्लामा भिरालो जमिन दुई वटा ठुल्ठूला नदी भएका कारण कालिकोट बाढी-पहिरोको उच्च जोखिममा परेको हो ।

अन्नपुर्णबाट


**कालिकोटवासी सम्पुर्णमा हाम्रो अनुरोध**

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

**खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट**

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

**– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।**
**– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔँ ।**
**– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।**
**– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔँ ।**
**– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।**

**खाँडाचक्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**सान्नी त्रिवेणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

**सम्पुर्णमा हाम्रो अनुरोध**

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**तिलागुफा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**

## सरकारले उठाउनुपर्ने......................

छ। शसक्त वर्गिय पक्षधरताको आधारमा राज्यका हरेक निति नियमको परिपुरक बनाउन आवश्यक छ । नेपालका प्रतितिृया वादि शक्ति र दलाल पुजिपति बर्ग को सवै भन्दा डरको विषय कम्यूनिष्ट सर्वहारा अधिनायक वादको आलोचना र आरोप गरिरहेका छन । लोकतन्त्रका लागि लड्दै आयका कम्यूनिष्ट पार्टिका नेतृत्व लाई अधिनायक वाद को आशंका गरिरहेका छन। किनकी कम्यूनिष्ट सर्वहारा अधिनायक वादलाई स्विकार गर्छन। भनेर त्यो डर त्रासबाट सरकार नचल्नु पुर्व आरोप लगाउदै आईरहेकै विषय हो । प्रतिक्रिया बादि आशंका हुनु स्वभाविक हो। एउटा वर्गले अर्को वर्गको राजनिति लाई कहिलै स्वीकार युक्त हुन सक्दैन।

सर्वभौम सत्ता नेपालि जनतामा निहित छ। नेपालि जनता नेपालको संविधानका सर्व सक्तीमान छन । त्यसैले यस संविधानले दिएको अधिकार लाई प्रयोग गर्नु कुनै अधिनाएक होईन । बरु प्रतिक्रिया बादि सोच हो । नेपालि जनताले तिरस्कार गरिएका दल र व्यक्तिहरु घोडाको थोलो छडिएला अनि खाउला भने जस्तै भएर राजनितिक गरिरहेका छन । नत उनिहरुका राजनितिक कार्य दिशा छ । नत्र उनिहरुको गन्तब्य नत उनिहरु सँग भिजन जव राजनितिक अर्कमर्णतामा पसिसकेका केही दलले आफ्ना रानितिक मुदा के हुन अत्तोपत्तो छैन । आज प्रमुख एजेण्डा बनेको छ। डा।गोविन्द्र केसीका मागहरु मागहरु जसमा ( आन्दोलनमा लागीरहेका छन्। दलाल पुजीवादी राजनीतिक पार्टी हरुलाई नेपाल जनता ले ठाउँको-ठाउँ राखिदियका छन्। त्यसकारण वर्तमान कम्युनिष्ट पार्टी र सरकार नेपाली जनताका आस्थाका केन्द्र वनेका छन्। नेपाली जनताले दिएकोख अभिमतको आधारमा नेपालमा पुर्ण गणतन्त्रको घोषणा हुनुपछि पुर्ण गणतन्त्रमा राज्यका हरेक निकार्यमा सर्वहारा वर्गको अधिनायकत्व कार्यमा गरिनुपर्छ। वर्तमान सरकारले संसदीय मार्क्सवादको प्रयोग लोकतान्त्रिक विधिवाट कम्युनिष्ट पार्टी र कम्युनिष्ट सरकार मात्र भएर हुदैन तर कम्युनिष्ट सरकारले गर्नु पर्ने मुख्य सैद्धान्तिक विषय भनेको मार्क्सवादी अभ्याश र रुपान्तरण हो। लोकतान्त्रिक मुल्य र मान्र्यताको पद्धती संग संगै मार्क्सवादी वर्तमान सरकारले मार्क्सवादी दृष्टिकोण वाट राज्य संचालन गर्नु पर्दछ । संसदीय मार्क्सवादको प्रयोग सहीत ढंगवाट दीसा निर्देशित हुन सकेन भने प्रतिकृयावादी शक्ती वलीया बन्न सक्ने खतरा पनि रहेको छ। नेपाली जनतालाई समृद्ध र सुखि नेपाली बनाउने वर्तमान सरकारको परीकल्पना तव मात्र पुरा हुन सक्छ। जवसम्म नेपाली समाजको प्रधान अन्तर विरोधका पहीचान गरी समग्र अर्थतन्त्र र राज्र्य यन्त्रलाई जनवादी वा जनमुखी चरीत्रको विकास गर्न जरुरी हुन्छ । अहीलेको नेपाली पुजिवादको चरीत्रदलाल तथा अनुत्पादक कार्य सैलीवाट वितरक हुने पुरानो परम्परा नै कायमै छ। दलाली गर्ने अनुत्पादक क्षेत्रमा लगानी गर्ने पुजीको चरीत्रलाई पुरै रुपान्तरण गरी नया नेपालको परीकल्पना गरीनु पर्छ। जनवादी राज्यसत्ताको कार्य सैलीवाट अर्थतन्त्रको विकास गरीनु प्रर्छ। नेपाली राज्यसत्ताको चरीत्रलाई परीवर्तन गर्न मार्क्सवादी सैदान्तीक आधारबाट राज्यका हरेक निकायलाई रुपान्तरण गर्न जरुरी छ। देश परीवर्तन भयको हुन्छ। राज्य सत्ता र वर्ग परीवर्तन भयको हुन्छ तर पुरानो राज्य व्यस्थाका आस्पासे हरु परीवर्तन भयका हुदैनन्। त्यस कारण राज्यसत्ता पुर्णरुपमा परीवर्तन गर्नकालागी वर्तमान सरकारले सैदान्तीक कदम उठाउनु जरुरी हुन्छ। **बम नेकपा (एमाले) तत्कालिन जिल्ला कमिटी सदस्य**

# स्वास्थ्य

## बढ्दैछन् हेपाटाइटिसका बिरामी : जनचेतनाको कमीले

चिकित्सकहरूका अनुसार पछिल्लो समय हेपाटाइटिसका बिरामी बढेका छन् । कलेजोमा 'हेपाटोट्रोपिक भाइरस' का कारण हुने हेपाटाइटिसलाई एदेखि ईसम्म पाँच प्रकारमा वर्गीकरण गरिएको छ। चिकित्सकका अनुसार तुलनात्मक रूपमा हेपाटाइटिस बी र हेपाटाइटिस सी गम्भीर मानिन्छन्। नेपालमा करिब चार लाख हेपाटाइटिसका बिरामी भएको अनुमान छ । शुक्रराज ट्रपिकल तथा सरुवा अस्पतालका सरुवा रोग विशेषज्ञ डा शेरबहादुर पुन हेपाटाइटिस 'बी' को संक्रमण बढिरहेको बताउँछनन्। 'अन्य हेपाटाइटिसभन्दा 'बी' बाट बढी संक्रमित भइरहेको तर यसबारे धेरैले ध्यान नदिएकाले यसबारे विषयमा बहस गर्नुपर्ने समय आएको छ,' उनले भने । हरेक दिनजसो टेकु अस्पतालमा हेपाटाइटिस "बी" का संक्रमित आउने गरेको र यौनसम्पर्क र रगतका माध्यमबाट हुने यस रोगबारे धेरै व्यक्ति अनभिज्ञ भएकाले उपचारमा पनि निकै कम आउने गरेको पुनले बताए। सबैभन्दा बढी वैदेशिक रोजगारीमा जाने व्यक्तिले रगत जाँच गराउँदा 'बी' को संक्रमण भेटिएको डा पुनको भनाइ छ। सुत्केरीको रगत जाँच गर्दा र रक्तदानलगायत नर्स पनि यसको उच्च जोखिममा रहेका छन्। सामान्य तया वाकवाक लाग्ने, खानमा रुचि नहुने, आँखा र पिसाब पहेँलो हुने, दायाँ कोखामा अप्ठ्यारो हुनेलगायत लक्षण देखा पर्दा धेरैले ग्यास्ट्रिकको शंका गर्ने भएकाले पनि यसको उपचारमा नजाने चिकित्सकको भनाइ छ । ग्राण्डी



अन्तराष्ट्रिय अस्पतालका पेट तथा कलेजो रोग विशेषज्ञ डा अखिलेशकुमार कश्यपले नेपालमा कुल जनसंख्याको तीन लाख ८० हजार अर्थात् दुई लाख ५० हजार मानिसमा हेपाटाइटिस बी र करीब एक लाख ३० हजार मानिसमा हेपाटाइटिस सी भएको अनुमान गरिएको बताए। बी र सी हेपाटाइटिसका कारण हरेक वर्ष संसारका १३ लाख मानिसको मृत्यु हुन्छ । क्यान्सरबाट मृत्यु १२ जनामध्ये एक जना कलेजोको क्यान्सरबाट मृत्यु हुन्छ। डा कश्यपले एआइभी एड्स, क्षयरोग र मलेरिया नियन्त्रण र उपचारमा लगानी गरे पनि हेपाटाइटिसमा ध्यान नदिएका कारण यसबाट हुने मृत्युदर बढिरहेको तर्क गरे। हेपाटाइटिस बीको संक्रमण भएका ९० प्रतिशत मानिसलाई र हेपाटाइटिस सीको संक्रमण भएका ८० प्रतिशत मानिसलाई यसबारे जानकारी नै नभएको डा. कश्यपको भनाइ छ। जानकारी नभएको उनीहरुले आफन्त र साथीभाइलाई पनि संक्रमित बनाइरहेको चिकित्सकको भनाइ छ। हेपाटाइटिस बी आमाबाट बच्चामा सर्ने उच्च जोखिम रहन्छ जसमा ८० देखि ९० प्रतिशत बच्चामा हेपाटाइटिस बी दीर्घरूपको संक्रमणका रुपमा देखिन्छ । यसमध्ये एक चौथाइ युवा अवस्थामा नै मृत्युवरण गर्न बाध्य हुन्छन्।

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

**रास्कोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**महावै गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

# रोकिएको शल्यक्रिया सुरु

**मिसन न्यूज**

कालिकोट – जिल्ला अस्पताल मान्ममा ६ महिनापछि शल्यक्रिया सेवा सुरु भएको छ। शल्यक्रियापछि अत्याधिक रक्तश्राव भएर हेलिकप्टरमा काठमाडौं पुऱ्याइएकी खाँडाचक्र १ की ३१ वर्षीया चन्दा शाहीको ज्यान गएपछि बन्द भएको शल्यक्रिया सुचारु गरिएको छ। डाक्टरको लापरबाहीले सुत्केरीको मृत्यु भएको भन्दै मृतकका आफन्तले अस्पतालसहित प्रहरी, प्रशासन घेराउ गरेपछि शल्यक्रिया सेवा बन्द भएको थियो । डाक्टर नै असुरक्षित भएपछि शल्यक्रिया बन्द गरिएको सिनियर अहेब कटकबहादुर महतले बताए ।

सरोकारवालासँग छलफल गरेपछि अप्रेसन गरेर बच्चा जन्माउने (सीएस) सेवा सुरु गरिएको हो । जिल्ला स्वास्थ्य प्रमुखमा डा. विवश पराजुली आएपछि निक साइमन इन्स्टिट्युटका डा. विज्ञान प्रजापति, डा. विष्णुप्रसाद श्रेष्ठ, डा. नहकुल शाहीको टीमले शल्यक्रिया थालेको होरु। जिल्लामा विशेषज्ञ चिकित्सक नहुँदा शल्यक्रिया गर्न सकिएको थिएन । जिल्ला स्वास्थ्यमा अनियमितता भएको लगागतका आरोप लगाउँदै माघमा जिल्ला स्वास्थ्य प्रमुख डा. कौशल अलीलाई विप्लव नेतृत्वको नेकपाका कार्यकर्ताले मोसो दलेपछि उनी केही महिना काठमाडौं काजमा बसेका थिए । उनले जिल्ला छाडेसँगै शल्यक्रिया सेवा पनि बन्द गरिएको थियो । १५ शय्याको जिल्ला अस्पतालमा नवौं तहका एक विशेषज्ञ चिकित्सकको दरबन्दी पूर्ति हुन सकेको छैन । आठौं तहका अधिकृतले जिल्ला स्वास्थ्य प्रमुख र डाक्टरको काम गर्दै आएका थिए । स्थानीयवासी आन्दोलित भएपछि विशेषज्ञ डा. महेश्वर गोसाइले पनि कालिकोट छाडेका थिए । गर्भवती भएको ४२ हप्ता पुगिसक्दा पनि बच्चा नजन्मेपछि चन्दालाई आफन्तले अस्पताल लिएका थिएरु। उनलाई सुत्केरी हुने तीन डोज औषधि खुवाएर पनि बच्चा नजन्मिएपछि डा. महेश्वर गोसाई, डा. कौशल अली डा. टंक आचार्यसहितको टोलीले शल्यक्रिया गरेर बच्चा निकालेका थिए । शल्यक्रियाको क्रममा पाठेघर च्यातिएर रक्तश्राव भएको चिकित्सकले बताएरु। जटिल अवस्थामा पुगेपछि जिल्ला अस्पतालको पहलमा सुत्केरीलाई काठमाडौं लगिएको थियो । उनको त्यही


कालिकोटको जिल्ला अस्पताल

ज्यान गयो । सुत्केरीको ज्यान गएपछि मध्यपश्चिम क्षेत्रीय स्वास्थ्य निर्देशनालयले डा. डम्बर खड्काको संयोजकत्वमा. छानबिन समिति गठन गरेको थियो । कालिकोटमा महिनैपिच्छे प्रसूति हुन नसकेर महिलाको ज्यान जान थालेपछि चिकित्सकप्रति अविश्वास बढो छ। केही समयअघि प्रसूति हुन आएकी किस्मता जैसी न्यौपानेको मृत्यु भएको थियो । स्वास्थ्य संस्था लैजान ढिलाइ भएकाले ज्यान गएको चिकित्सकको दाबी छ। बच्चा जन्माउन नसकेर साउन

यता कालिकोटमा ६ महिलाले ज्यान गुमाइसकेका छन् । कालिकोटमा चार पटक गर्भ जाँच गर्ने महिलाको संख्या ३५ प्रतिशत छ भने सुत्केरी हुन स्वास्थ्य संस्थामा आउनेको संख्या ६५ प्रतिशत मात्र छ। कालिकोटमा निस्शुल्क स्वास्थ्य सेवा नारा र प्रचारमा मात्र सीमित छरु। यहाँको जिल्ला अस्पतालसहित दर्जन बढी स्वास्थ्य संस्थामा निस्शुल्क औषधि नाम मात्रको छ भने तीन दर्जनभन्दा बढी स्वास्थ्यकर्मीको दरबन्दी खाली छरु। 'न डाक्टर छन, न त औषधि नै,' खाडाचक्र ४ का जगे कामीले भने 'अस्पताल नाम मात्रैको छ।'

उनले बिरामी पर्दा मान्म बजारका मेडिकलबाट औषधि किनेर खाने गरेको सुनाए। विद्युत्को लाइन थ्री फेजको नहुँदा यहाँको जिल्ला अस्पतालमा एक्सरे चल्दैन । जेनेरेटर चलाएर गरिएको एक्सरे पनि देखिँदैन। एक्सरे पनि पुरानो भएकाले काम नगर्ने स्वास्थ्यकर्मीको गुनासो छ। जिल्ला अस्पतालका डाक्टर नै बिरामीलाई एक्सरे गराउन मान्म बजारको तिला कर्णाली मेडिकलमा पठाउने गर्छन्। 'राम्रोसग देखिँदैन,' एक स्वास्थ्यकर्मीले गुनासो पोखे 'बजारको मेडिकल पठाउनु रहर होइन बाध्यता '

बाँकी ८ पृष्ठमा..


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआौं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**प्रमुख प्रशासकीय अधिकृत**
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्युज

## गैरकानुनी आप्रवासी फर्काउँदै बेलायत



**लन्डन –** इस्ट लन्डन नजिक एउटा थाइ रेस्टुरेन्टमा साँझ पर्नेबित्तिकै इमिग्रेसन इन्फोर्समेन्ट टिम भ्यानसहित आइपुग्यो । उनीहरूले एउटा पेपरमा कसैको तस्बिर प्रिन्ट गरेर ल्याएका थिए । म्यानेजरलाई यो व्यक्ति यहाँ काम गर्छ भनेर सोधे । तर, अध्यागमन अधिकृतहरूले खोजी गरेको व्यक्ति भेटिएन । सम्भवतः कसैको सिकायतमा इमिग्रेसन अफिसर मान्छे खोज्दै पुगेका थिए । केही वर्ष पहिले अंग्रेजी परीक्षा दि टेस्ट अफ इङ्लिस फर इन्टरनेसनल कम्युनिकेसन (टोइक) नक्कली दिएको बहानामा सयौं नेपाली विद्यार्थी समातिए वा नेपाल फर्काइएका थिए । हालसम्म बेलायतले गैरकानुनी नेपाली कतिलाई फर्कायो भन्ने तथ्यांक लन्डनस्थित नेपाली दूतावाससँग पनि छैन । तर, नेपालीले झेलेका अध्यागमन मुद्दा भने दूतावास पुगिरहन्छन् । 'सिरियस केस भए जेल राखेपछि मात्र हामीलाई कागजात माग्न खबर गर्छन् । अवैध भेट्टाए समातेर नेपाल फर्काउँछन्,' दूतावासका उपनियोग प्रमुख शरदराज आरणले कान्तिपुरसँग भने । आरणले गैरकानुनी आप्रवासीमाथि बेलायत सरकारले कडा निगरानी गरिरहेको बताउँछन् । 'कि कानुनी रूपमा बस्न प्रक्रिया बढाउनु नत्र नेपाल फर्कंदा नै भलो हुन्छ,' आरणको सुझाव छ, 'लुकेर जति बस्यो उति हानिमात्र हुने हो ।' हाल बेलायतको अध्यागमन चिनियाँ समुदायको निसानामा उत्रेको छ । लन्डनस्थित चाइना टाउन रेस्टुरेन्टमा बेलायतको गृह मन्त्रालयले अवैध आप्रवासी खोज्ने क्रममा दुस्ख दिन थालेको आरोप लगाउँदै चिनियाँ व्यवसायी र कामदारले २ दिनअघि विरोधस्वरूप ५ घण्टा पसल बन्द गरिदिए ।

# ज्ञानमाला

१. रुपक स्मृति पुरस्कार-२०७१ बाट सम्मानित हुने फुटबलर को हुन् ?
- सन्तोष साहुखल र भगवती थापा

२. इन्डोनेसियाको बाङडुङमा हुने अफ्रिकी(एसियाली मुलुकको सम्मेलनमा भाग लिन प्रधानमन्त्री सुशिल कोइराला कहिले त्यसतर्फ प्रस्थान गरे ?
- वि.सं. २०७२ बैशाख ७

३. संविधानसभाका ज्येष्ठ सदस्य एवं पूर्व प्रधानमन्त्री सुर्यबहादुर थापाको निधन कहिले भयो ?
- वि.सं. २०७२ बैशाख २

४. विद्यालयस्तरमा हुने हिंसा तथा यौन दुर्रव्यवहारविरुद्धको राष्ट्रव्यापी अभियान २०७२ को नारा के रहेको छ ?
- हिंसाँ यौन दुर्रव्यवहार र विभेदमुक्त विद्यालय बनाऔं बालबालिकालाई विद्यालय पठाऔं

५. मलाला एस्टोराइड के हो ?
- नोबल पुरस्कार विजेता मलाला युसुफजाइको नाममा राखिएको आकशिय पिण्ड

६. खुलाबजार एवं उदार अर्थतन्त्रका हिमायती भोलानाथ चालिसेको निधन कहिले भयो ?
- वि.सं. २०७२ बैशाख १

७. सगरमाथा राष्ट्रिय निकुञ्ज प्राकृतिक सम्पदाका रुपमा विश्व सम्पदा सूचीमा कहिले सूचीकृत भएको हो ?
- सन् १९७९

८. नेपालमा वीस बर्षिय दीर्घकाली कृषि योजना कहिलेदेखी लागु भएको हो ?
- आ.व. २०५३र५४

९. कृषि तथा सहकारी मन्त्रालयको नाम परिवर्तन गरी कहिलेदेखी कृषि विकास मन्त्रालय बनाइएको हो ?
- वि. सं. २०६९

१०. सामान्यतया मानिसको गर्भावस्थाको अवधि कति हुन्छ ?
- २८० दिन

११. महिनावरी रोकीएको अवधिलाई के भनिन्छ ?
- Amenorrhea

१२. स्थलमण्डल भनेको के हो ?
- पृथ्वीको बाहिरी भाग

१७.निजामती सेवा दिवस कहिले पर्दछ ?
- भाद्र २२

१८. नेपालमा लोकसेवा आयोगको स्थापना कहिले भएको हो ?
- वि.सं. २००८


## रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

रास्कोट नगरपालिका कार्यालय
कालिकोट



एक घर एक करेसावारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥

पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,कालिकोट



## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# पचालझरना गाउँपालिका
## PACHALAJHARANA RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

राम्नाकोट, कालिकोट
Ramnakot, kalikot
कर्णाली प्रदेश, नेपाल

# मौजुदा सुची दर्ता गर्ने बारे सार्वजनिक सुचना ।

**सुचना प्रकाशित मिति : २०७५/०४/१७**

यस कार्यालयलाई आ.व.२०७५/०७६ मा आवश्यक पर्ने तपसलिका सामान तथा सेवाहरु उपलब्ध गराउने प्रयोजनका लागि सेवा प्रदायकहरुको सूची सुचिकृत गरिने भएको हुदाँ मौजुदा सूचिमा दर्ता हुन इच्छुक रजिष्टर्ड फर्म तथा कम्पनीहरुले निम्न लिखित कामकाजहरु संलग्न गरी यो सुचना प्रकाशित भएको मितिले ३० दिनभित्र आफुले गर्न चाहेको कार्यको लागि छुट्टाछुट्टै आवेदन पेश गर्न हुन सुचना प्रकाशित गरिएको छ ।

**आपूर्ति गराउनु पर्ने सामान तथा सेवाहरु**

(१) भवन निर्माण, मर्मत तथा अन्य निर्माण सम्बन्धि,(२) फर्निचर र फर्निसिङ सामाग्री तथा मर्मत सम्वन्धि,(३) कम्प्युटर, ल्याप्टप, प्रिन्टर, फोटोकफी मेसिन फ्याक्स यु.पि.एस. टोनर, रिफिल आपूर्ति तथा मर्मत,(४) ईलेक्टिकल्स तथा इलेक्टोनिक्स सामानहरुको आपूर्ति, मर्मत र तिनका पाठपूर्जाहरु सम्बन्धि, (५) सवारी साधनहरु (मोटरसाईकल तथा गाडी) को मर्मत तथा तिनका पाटपुर्जाहरु, (६) परामर्श तथा अन्य सेवाहरु, (७) छपाई तथा डिजाईन सेवा सम्बन्धि कार्यहरु, (८) स्टेशनरी सामाग्रीहरु (मसलन्ध तथा विविध),(९) सरसफाई सम्बन्धि सामाग्रीहरु,(१०) इन्टनेट सेवा प्रदायक,(११) विज्ञापन एजेन्सी,(१२) भाडा वर्तन आपुर्ति सम्बन्धि,(१३) औषधी तथा औषधीजन्य पदार्थ,(१४) क्लिनिकल सामानहरु,(१५) सर्जिकल सामानहरु सम्बन्धित,(१६) खाद्यान्न तथा लत्ता कपडा सम्बन्धि,(१७) खाजा, नास्ता तथा खाना सम्बन्धि,(१८) ल्यावोरेटरी, रेडियोलोजी फिजियोथेरापी उपकरण सम्बन्धि,(१९) सूचना प्रविधि सामाग्री तथा मर्मत सम्बन्धि,(२०) वार्षिक मर्मत सम्भार सेवा (कम्प्युटर, ल्याप्टप, प्रिन्टर, फोटोकफी मेसिन फ्याक्स यु.पि.एस.टोनर, रिफिल आपूर्ति तथा मर्मत,

**पेश गर्नु पर्ने कागजातहरु**

(१) फर्म कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।,(२) ख्बत्एब्ल मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी ।,(३) आधिकारीक डिलर वा वितरक भए सो पुष्टि गर्ने प्रमाण पत्रको प्रतिलिपी ।,(४) वार्षिक रुपमा कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी वा कर विवरण दाखिला गरेको प्रतिलिपी ।

**नोट :** माथी उल्लेखित सामान तथा सेवाहरुको लागि प्राप्त आवेदन आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

..................................
(छक्क वहादुर शाही )
प्रमुख प्रशासकिय अधिकृत


**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

**पलाँताको सन्देश**

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाँझो जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**रोकिएको शल्लीक्रीया..........**

जिल्ला अस्पतालको एम्बुलेन्स पनि अवस्थामा छैन। सामान्य बिरामीलाई समेत उपचारका लागि सुर्खेत, नेपालगन्जलगायतका अस्पतालमा रिफर गर्ने गरेको स्थानीयको गुनासो छ। गत वर्ष मात्र कालिकोटमा बच्चा जन्माउन नसकेर ८ जना महिलाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयको रेकर्ड छ। स्वास्थ्य संस्थाको सम्पर्कमै नआएर घरमै मर्ने गर्भवती महिलाको रेकर्ड जिल्ला स्वास्थ्यमा छैन।

**लक्ष्य भन्दा कम ................**

भएकाले निर्वाचित जनप्रतिनिधिहरुको लागि सिकाइको वर्ष जस्तै भएको भन्दै धेरै थरीका करमा ध्यान नपुगेको वताए। उनले अव देखि घरवाहाल कर लगाएतका बिभिन्न करमा नगरको नजर पुगेको सुनाए। अघिल्लो वर्षमा कुनै पनि कर संकलन नभएको मात्र सामान्य सिफारिसले १० लाख मात्र राजस्व संकलन भएको वताए। गत आर्थिक वर्षमा खाँडाचक्र नगरपालिकाले ८० लाख सम्मको राजस्व उठाउने लक्ष्य राखेको थियो। खाँडाचक्र नगरपालिकाले ७० लाख कम राजश्व उठाएको छ। तर बिभिन्न कारणले लक्ष्य पुरा गर्न नसकेको प्रमुख पाण्डेको भनाई छ।

# पचालझरना गाउँपालिका

## PACHALAJHARANA RURAL MUNICIPALITY

## गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

रास्नाकोट, कालिकोट
Ramnakot, kalikot
कर्णाली प्रदेश, नेपाल

प्रकाशित मिति २०७५/०४/१७

**विषय : कर्मचारी आवश्यकता सम्बन्धी सुचना ।**

स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम अन्तरगत यस कार्यालयमा एक जना सूचना प्रविधि अधिकृत (IT Officer)को आवश्यताभएकोले योग्यतापुगेका नेपाली नागरिकाबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यलयमा दरखास्त आवाहान गरिन्छ।

**तपशिल**

पद : सुचना प्रविधि अधिकृत (IT Officer)

शैक्षिक योग्यता : लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त विश्व विद्यालयबाट कम्प्युटर विषय लिइ स्नातक गरेको उपाधिलाई आधार मानिने छ।

**कार्यशर्त विवरण :** स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको वेबसाइट (www.lgcdp.gov.np) को गृहपृष्ठमा उल्लेख भएको सुचना बमोजिम

**सम्पर्क नं.**-९७५८९००१५५/९८४८००५००९

आवश्यक संख्या : १ जना

आवश्यक कागजात : व्यक्तिगत विवरण, नागरिकता प्रमाण पत्र र शैक्षिक योग्यताका पमाण पत्रहरु

**उमेर :** १८ वर्ष पुरा भई ४० वर्ष

**आवेदन शुल्क :** रु १०००। (अक्षेरुपी एक हजार मात्र) उक्त शुल्क रा.बा.बैंक कालिकोटमा र हेको हि.नं. ४१२०३०४०१८१०५ ग.४मा जम्मा गर्नुपर्ने छ।

**Website** :www.pachaljharana.gov.np

Email: Ito.pachaljharanamun@gmail.com/ pachaljharanagaupalika@gmail.com

नोट : स्थानीय र अनुभवी आवेदकलाई विशेष गह्रायता दिइने छ। शाथै म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

..............................

(छक्क वहादुर शाही)
प्रमुख प्रशासकिय अधिकृत

## सामुहिक विकासमा लगानी.........................

समितिको छ। उपभोक्ताकै सक्रियतामा सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू भएपछि आम्दानी तेब्बर भएको छ। गाउँकै विद्यालयमा शिक्षकलाई तलब खुवाउन पनि समस्या छैन। यही वन उपभोक्ता समितिले विद्यालयलाई सहयोग गरिरहेको छ। वैज्ञानिक वन व्यवस्थापन अन्तर्गत उपभोक्ताले वनमा रहेका पुराना, थोत्रा र काम नलाग्ने रूख हटाउने गरेका छन्। वनबाट निकालिएका तिनै पुराना, बूढा, थोत्रा र कामनलाग्ने रूख बिक्री गरेर उपभोक्ता समितिले तेब्बर आम्दानी गरेको हो। वन उपभोक्ता समितिका अध्यक्ष कविराज डम्बरपालले भने, 'पहिला हामीले केवल संरक्षणलाई ध्यान दियौं, वनमा रहेका पुराना रूख कुहिएर गए। अहिले वैज्ञानिक व्यवस्थापन सुरु गरेका छौं, पुराना हटाउँदा नयाँ रूख हुर्काउन सजिलो भएको छ।' विगतमा जंगलमा कुहिएर जाने रूख बिक्री गर्न थालेपछि वार्षिक करोडभन्दा बढी आम्दानी हुने गरेको उनले बताए।

# नररिनाथ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश नेपाल

सुचना प्रकाशित मिति : २०७५/०४/०७

**मौजुदा सुची दर्ता गर्ने बारे सार्वजनिक सुचना।**

यस गाउँपालिकाको चलानी नं. १६ को पत्र अनुसार यस गाउँपालिका तथा मातहतमा कार्यालयहरुका लागी आ.व. २०७५/०७६ मा खरिद गरिने कार्यालय सामान,स्टेशनरी, मेसेनरी, फर्निचर, तथा फर्निसिङ, सफ्टवेयर, निर्माण, मर्मत सम्भार, सेवा परामर्श, औषधी खरिद,छपाई, सवारी साधन भाडा तथा मर्मत, विज्ञापन प्रकाशन, बिभिन्न अध्ययन अनुसन्धान,कुरियर सेवा र विषयगत शाखासंग सम्बन्धित अन्य विविध सामान, सेवा खरिद तथा आपुर्तिका लागी गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको लागी गाउँ कार्यपालिकाको कार्यालयमा यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफ्नो व्यावसाय दर्ता,कर दर्ता तथा कर चूक्ता प्रमाण-पत्रका प्रतिलिपी सहित सूची दर्ता गर्नको लागी यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**

**मिसन न्यूज**

राष्ट्रिय साप्ताहिक

MISSION News National Weekly

**बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित**

**सम्पादक:पवित्र शाही**

**प्रवन्ध सम्पादक:निर्मला शाही**

**कम्प्युटर अप्रेटर:लिलाराज संज्याल**

**कार्यालय: खाँडाचक्र न.पा.-१ कालिकोट**

इमेल: missionnewsp@gmail.com

फोन नं. ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३

**मुद्रण: ईश्वर अफसेट प्रेस खाँडाचक्र-१, कालिकोट**

www.missionenews.com